लेखापरीक्षण प्रतिवेदन

सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख — **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/160

श्रीमान् अध्यक्षज्यू,

सान्नी त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/160

श्रीमान् अध्यक्षज्यू,

सान्नी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

कालिकोट।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.९१ करोड ८७ लाख ६४ हजारको लेखापरीक्षणबाट रू.५३ लाख ४८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.६२ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रू.३१ हजार र नियमित गर्नुपर्ने रू.५२ लाख ५५ हजार हजार गरी जम्मा रु.५२ लाख ८६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रू.३१ करोड ५४ लाख ५१ हजार रहेकोमा रु.७२ लाख २६ हजार फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजु रू.३१ करोड ३५ लाख ११ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछर्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४४	७	५३,४८,२२७	०	१	६२,०००	०	४४	६	५२,८६,२२७	३१,२५८	५२,५४,९६९	०	०	०	५२,५४,९६९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कालिकोट	३१,५४,५१,०४९	०	७२,२५,९६०	३०,८२,२५,०८९	०	५२,८६,२२७	३१,३५,११,३१६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४३.३	सामाजिक सुरक्षा	६२,०००
२	२०८०/८१		सवारीसाधन खरिद	३४,५०,१५०
३	२०८०/८१		शिक्षातर्फ	७,८६,११९
४	२०८०/८१		पोषण कार्यक्रम	२,५०,०००
५	२०८०/८१		पूँजिगततर्फ	१,५५,८२३

६	२०७९/८०		घरभाडा भुक्तानी	१,०८,०००
७	२०७९/८०		असम्वन्धितलाई भुक्तानी	२२,३७,६१८
८	२०७८/७९		सहभागी भत्ता	४३,८००
९	२०७८/७९		समिक्षा बैठकमा सहभागि भत्ता	२१,६००
१०	२०७८/७९		पारिश्रमिक करकट्टीः	४१,१२६
११	२०७८/७९		तालिम खर्च	६८,१००
१२	२०७८/७९		अभिमुखिकरण कार्यक्रममा भत्ता	९,८००
१३	२०७४/७५	46	पारिश्रमिक कर	२३,७५८
१४	२०७४।७५	५४	असम्बन्धित खर्च	३,२००
१५	२०७५/७६	४३	पारिश्रमिक कर	२६,८६६
			जम्मा	७२,८७,९६०

सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट

(८०६६५५०६३००)

सान्नी त्रिवेणी गाउँपालिका , कालिकोट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकार सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, १३६.७२ वर्ग किलोमिटर क्षेत्रफल तथा १३४९१ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।३० देखि २०८२। ५।२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय-व्ययतर्फ रू.९१ करोड ८७ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- व्यक्तिगत आयमा लाग्ने कर वापतको रकम कट्टी नगरी भुक्तानी गरेको रु.१ लाख २१ हजार संघिय संचित कोषमा र मुल्य समायोजन वापत बढी भुक्तानी भएको रु २३ लाख ६५ हजार EFT नं. ८६६५०९८२८३००००३८३ वाट स्थानीय संचित कोषमा गरी जम्मा रु २४ लाख ८६ हजार लेखापरीक्षणको क्रममा असुल भएको छ ।

२ एकिकृत आय व्यय

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		९६१७७२०	**चालु खर्च**		२५४५९८४०४।८
१.संचित कोष	८६०४०२६।१९		१. पालिका तर्फ	१०६५४३३२९।७४	
२.धरौटी	९३८७७८		२. संघीय सशर्त	१४६८१२५७५।०६	
३.कार्यसञ्चालन कोष (विविध)	७४९१५।८१		३. संघीय विशेष		
४. अन्य कोष			४. प्रदेश सशर्त	१२४२५००	
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	१८०१४३१।२१	१८०१४३१।२१	**पुँजीगत खर्च**		७७९८७४४६।४३
२. वित्तीय हस्तान्तरण (संघ)		३११३९४३८७।६७	**१. पालिका तर्फ**	४९०६९५७३।८७	
क) समानीकरण अनुदान	८१७५८१६०		**२. संघीय सशर्त**	२४९०६००	
ख) राजस्व बाँडफाँट	६९१४३०२७।६७		**३. संघीय विशेष**		
ग) सशर्त अनुदान	१५८१६८०००		४. संघीय समपुरक	२३२५२००	
घ) समपुरक अनुदान	२३२५२००		५. प्रदेश सशर्त	२४१०२०७२।५६	
ङ) विशेष अनुदान			६. प्रदेश विशेष		
च) रोयल्टी			७. प्रदेश समपुरक		
छ) अन्य			**अन्तर सरकारी अख्तियारी (संघ)**		१०१६७३२११
३. वित्तीय हस्तान्तरण (प्रदेश)		४२५८७४९२।०७	क) सामाजिक सुरक्षा	७२५९६३८४	
क) समानीकरण अनुदान	९९५३०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	९०७२१३५	
ख) राजस्व बाँडफाँट	५२१६०२।०७		**ग) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र**	२००४६९२	
ग) सशर्त अनुदान	३२११२८९०		**घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम**	१८००००००	
घ) समपुरक अनुदान			**अन्तर सरकारी अख्तियारी (प्रदेश)**		१६५६०००
ङ) विशेष अनुदान			**क) आन्तरिक मामिला तथा कानून मन्त्रालय**	१६५६०००	
च) रोयल्टी			**ऋणको ब्याज भुक्तानी**		
			धरौटी फिर्ता तथा सदर स्याहा	७१६०४	७१६०४

छ) अन्य			**कार्यसञ्चालन कोषबाट भएको खर्च (विविध)**	२२८२६१८	२२८२६१८
४. अन्तर सरकारी अख्तियारी (संघ)		१०१६७३२११	**अन्य कोषबाट भएको खर्च**		
क) सामाजिक सुरक्षा	७२५९६३८४		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	९०७२१३५		**अन्य सहयोगमा सञ्चालित योजना**		
ग) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	२००४६९२				
घ) स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	१८००००००				
……………			**अन्य खर्च भएमा**		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		१६५६०००	**अनुदान फिर्ता**		
क) आन्तरिक मामिला तथा कानून मन्त्रालय	१६५६०००		**१. संघ तर्फ**		
६. ऋण/ वित्तीय व्यवस्था			क) सशर्त अनुदान	८८६४८२४।९४	८८६४८२४।९४
७. धरौटी आय	२७६७११७।१७	२७६७११७।१७	ख) विशेष अनुदान		
८. कार्यसञ्चालन कोष विविध	२९७२५६८।९२	२९७२५६८।९२	ग) समपुरक अनुदान		
९. अन्य कोषको आय					
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			**२. प्रदेश तर्फ**		
११. अन्य सहयोगमा प्रास सञ्चालित योजना			क) सशर्त अनुदान	६७६८३१७।४४	६७६८३१७।४४
१२. अन्य आय भएमा			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		
			१. संचित कोषको मौज्दात	१६१६८३४३।५९	१६१६८३४३।५९
			२. धरौटी	३६३४२९१।१७	३६३४२९१।१७
			३. कार्यसञ्चालनकोष	७६४८६६।७३	७६४८६६।७३
			४. अन्यकोष		
जम्मा	४७४४६९९२८।०४	४७४४६९९२८।०४	**जम्मा**	४७४४६९९२८।०४	४७४४६९९२८।०४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७२५९६३८४, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ९०७२१३५, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको रु २००४६९२, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु १८०००००० र कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयवाट प्राप्त रु १६५६००० समेत जम्मा रु १०३३२९२११ सुत्रमा लेखाङ्कन गरेको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **हिसाब फरकः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट सबै कारोबार समेटिएको एकीकृत आर्थिक विवरण माग भएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१२४७०२०३९, यस वर्षको भुक्तानी रु. १२१३१६५७७ र वर्षान्तको मौज्दातमा रु ३०१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ती	यसवर्षको भुक्तानी	मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	९६१७७२०	३४०१५०१६९	३३२५८५८५१	२०५६७८०१
एकीकृत आर्थिक विवरणअनुसार	९६१७७२०	४६४८५२२०८	४५३९०२४२८	२०५६७५००
फरक	०	१२४७०२०३९	१२१३१६५७७	(३०१)

३.३ **बैङ्क हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा पालिकाले वार्षिक रुपमा मात्र हिसाब मिलान गरेको देखिन्छ । कार्यालयले पेश गरेको विवरण अनुसार देहाय अनुसारको बैङ्क मौज्दात रहेको छ । मासिक रुपमा प्रत्येक खाताको बैङ्क हिसाब मिलान गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

खाताको नाम	स्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेन्ट अनुसार बांकी	फरक रकम
स्थानीय तह सञ्चित कोष खाता	१६१६८३४३	१६०८७३०५	(८१०३८)
राजस्व बाडफाड खाता	०	४९१०५	४९१०५
आन्तरिक राजस्व खाता	०	१३८३२६	१३८३२६
कार्यसंचालन कोष	७६४८६६	७९३२१४	२८३४८
धरौटी खाता	३६३४२९१	३६३४२९१	०
जम्मा			१३४७४१

४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- गाउँपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन । सवारी साधनको प्रयोग गर्दा लगवुग प्रयोग भएको छैन ।सवारी मर्मत तथा इन्धनको निश्चित मापदण्ड वनाइ वितरण भएको छैन ।
- गाउँपालिकाले उद्देश्य प्राप्तिमा आईपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई सीमित गरेको अवस्था छ ।
- गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्य मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन ।
- गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- गाउँपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- गाउँपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- गाउँपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री पार्वती सिंह (संज्याल) ले मिति २०८१।३।७ गते रु. ३९ करोड ६१ लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।७ मा पारित भएको छ ।

यसैगरी स्थानीय तहका प्रमुखले २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्ने देखिन्छ ।

६ सेवा प्रवाह

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकाले गाउँवासीलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण गरि अद्यावधिक अभिलेख गरिनु पर्दछ । गाउँपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	विवरण	सेवा प्राप्तीका लागि निवेदन संख्या	शिफारिस संख्या
१	नागरिकता सिफारिस र प्रतिलिपि	६३५	६३५
२	घरबाटो सिफारिस	३२	३२
३	नता प्रमाणित	१७१	१७१
४	जन्म दर्ता	८३९	८३९
५	मृत्यु दता	९७	९७
६	विवाह दर्ता	१२७	१२७
७	बसाईसराई दर्ता	आएको ३/गएको ७	१०
८	सम्बन्ध बिच्छेद	१	१
९	अन्य सिफारिस	२१७८	२१७८

पालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबैको अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष घरेलु हिंसा, लेनदेन लगायत २९ विवाद दर्ता भएकोमा सबै फछ्र्यौट भएको देखिन्छ ।

८ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले यस वर्ष ९ ऐन ६ नियमावली ४७ कार्यविधि र ८ निर्देशिका सहित ७० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । ।गाउँपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ ।

९ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उक्त पदहरु बाहेक कानुनी सल्लाहकार १, गै.स.स संयोजक १, बीमा अभिकर्ता १, रेडियो स्टेशन मेनेजर र संयोजक १-१, रेडियो समाचार प्रमुख १ र समेत जम्मा ६ जना कर्मचारी नियुक्ति गरी रु. १६७३२०० खर्च गरेको छ । पालिकालाइ

आवश्यक पर्ने कर्मचारीहरु नियुक्ति गर्न अघि कानुनमा भएको व्यवस्था बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी पदपूर्ति गर्ने तर्फ ध्यान जानु पर्ने देखिएको रु

अनियमित भएको	१६,७३,२००

१० **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाको कर्मचारी कल्याणकोषमा कुनै रकम जम्मा गरेको छैन । ऐनमा भएको उपर्युक्त व्यवस्था अनुसार सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ ।

११ **खर्चको विश्लेषण**

पालिकाले यस बर्ष कुल आन्तिरक आय रु १८०१४३१, राजस्व बाँडफाँड समेत रु ६९६६४६२९ र समानिकरण अनुदानबाट रु. ९१७१११६० प्राप्त भएको छ । गाउँपालिकाको कुल खर्च रु १५६८५५४०२ मध्ये चालु तर्फ रु. १०७७८५८२९ र पूँजिगत तर्फ रु. ४९०६९५७३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ८१६३८२५ खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ४.५ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको रकमवाट ६८ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१२ **कार्ययोजना**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

१३ **मलेप फारामहरु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धीत गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गर्नु पर्दछ ।

१४ **भ्रमण खर्च**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण खर्च बापत रु. १३४०००० खर्च लेखेकोमा अधिकांश

भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नभई कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त नभएको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१५ **सामुदायिक वनको आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित पालिकाको सचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष सो बापत कुनै आय प्राप्त गरेको देखिएन। पालिका भित्रका वन उपभोक्ता समितिबाट उक्त राजस्व प्राप्तिको लागि डिभिजन वन कार्यालय तथा सम्बन्धित उपभोक्ता समितिसँग समन्वय गरी वन पैदावारको विक्री वापतको रकम असुल गर्नुपर्दछ ।

१६ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख को उपदफा २, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु शिर्षक अन्तर्गत स्वास्थ्य तर्फ स्थायी कर्मचारीहरुको र पालिका तर्फ स्थायी कर्मचारीहरुको रु. १८९३७००० तलब भत्तामा खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुले खाइपाइ आएको तलव भत्ता तथा ग्रेडको रकम एकिन गर्न सकिएन । नियममा भएको व्यवस्था वमोजिम पालिकाले तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ ।

१७ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू (गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास) लाई गणना गरी ८० अंक भन्दा बढी आउनेलाई पि१ गरी योजनाको प्राथमिकता निर्धारण गरी प्राथमिकता प्राप्त पि१ योजनामा लगानी गरी आवधिक योजनासँग समान्जस्यता गर्नुपर्दछ । गाउँपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स-साना टुक्रे आयोजना छनौट गरी जे जती बजेट पुग्छ त्यती नै काम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । गाउँपालिकाले आ.ब. २०८१।८२ मा निम्नानुसारका आयोजनामा बजेट विनियोजन गरेको पाइयो । यसरी आयोजनाहरूको प्राथमिकिकरणका आधार अंक गणना गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी स-साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ ।

क्र.सं.	कार्यक्रमको नाम	योजना संख्या	रु.२० लाख माथिका योजना संख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या	रु.५ लाख कमका योजना संख्या
१	गाउँपालिका पूँजीगत	७३	८	३३	३२

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२० स्थानीय भत्ता

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।३।२९ को निर्णयानसार मिति २०७१।४।१ बाट लागु हुने गरी अर्थ मन्त्रालयले नयाँ तलबमान तथा सुविधा सम्बन्धमा चलानी नं ५ बाट मिति २०७१।४।२ मा गरेको परिपत्रको बुँदा नं २(क) मा राशन सुविधा पाईरहेका निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीवल एवं त्यस्तै सुविधा पाएका र कार्यरत जिल्ला भित्र स्थायी बसोबास भएका निजामती सेवाका कर्मचारीहरुले (क) र (ख) वर्गमा तोकिएको रकमको ५० प्रतिशत का दरले मात्र स्थानीय भत्ता पाउने व्यहोरा उल्लेख छ । पालिकाले यस वर्ष २५ लाख ४० हजार स्थानीय भत्ता भुक्तानी गरेकोमा जिल्ला भित्र स्थायी बसोबास भएको वा नभएको एकिन नगरी सबै कर्मचारी तथा शिक्षकहरुलाई तोकिएको १०० प्रतिशत रकम नै भुक्तानी गरेको छ । त्यसैले स्थानीय भत्ता भुक्तानी गर्नुपूर्व कर्मचारी/ शिक्षकको स्थायी बसोबासको ठेगाना एकिन गरी तोकिए बमोजिमको दरमा मात्र रकम भुक्तानी गर्नेतर्फ ध्यान दिनुपर्दछ

२१ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा सार्वजनिक निकायले वार्षिक स्विकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न मासिक अनुमानित खर्च, खरिद योजना तथा नगद प्रवाह सहित कार्ययोजना बनाउनुपर्ने हुन्छ । तर पालिकाले उक्त व्यवस्था बमोजिम बजेट कार्यान्वयन कार्ययोजना नबनाइ गत विगत जसरी नै वर्षान्तमा अधिकतम पुँजीगत खर्च गरेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुंजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनी कायमै रहेको देखियो । कूल पुंजीगत खर्च रु. ७ करोड ७९ लाख ८७ हजार भएकोमा प्रथम त्रैमासिकमा कुनै खर्च नभएको दोश्रो त्रैमासिकमा रु. ८८ लाख ५० हजार, तेस्रो त्रैमासिकमा रु. १ करोड ११ लाख ७० हजार र चौथो त्रैमासिकमा रु. ५ करोड ७९ लाख ६७ हजार र असार महिनामा मात्रै रु.४ करोड ४५ लाख ७६ हजार खर्च भएको देखिन्छ । आर्थिक बर्षको अन्त्यमा हुने विकास निर्माणले कामको गुणस्तर र दिगोपनामा असर पर्ने हुनाले गाउँपालिकाले समयमै विकास निर्माण कार्य गर्न ध्यान दिनुपर्दछ ।

२२ क्षेत्रगत बजेट खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	खर्च प्रतिशत
आर्थिक विकास	९९७५०००	९६३७३०९.४२	२
सामाजिक क्षेत्र	१४००४६०२४	१२८४५२८००	३८
पूर्वाधार विकास क्षेत्र	९४८११०५१	६१४८३३३०.५१	१८
वित्तीय व्यवस्थापन र सुशासन वातावरण तथा विपद् व्यवस्थापन	६५०४०००	६३४००४०	२
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	१४४८२६८६२	१२६६७२३७१	४०
जम्मा	**३९६१६२९३७**	**३३२५८५८५१**	**१००**

क्षेत्रगत बजेट खर्च परिक्षण गर्दा औषत खर्च प्रतिशत ८३ % रहेको छ । कुल खर्च मध्ये कार्यसंचालन तथा प्रशासनिक खर्चमा सबै भन्दा बढी ४० प्रतिशत छ भने आर्थिक विकास तथा पूर्वधार विकासमा तुलनात्मक रुपमा न्युन खर्च देखिन्छ । पूर्वाधार विकास लगायत उत्पादनमुलक क्षेत्रमा बजेट विनियोजन र खर्च दक्षता अभिवृद्धि हुनुपर्दछ ।

२३ **पुँजीगत खर्च विधि**

कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो ।

सि.नं	निर्माण कार्य	निर्माण व्यवसायीवाट	कुल खर्च मध्ये उपभोक्ता समितिवाट भएको काम
१	६२५४६३५५	४७९७९४२५	१४५६६९३०

कुल खर्च मध्ये २३ प्रतिशत उपभोक्ता समितिबाट खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ।

२४ **जिन्सी तथा सम्पत्तिको संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालयलाई प्राप्त मालसमानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी सामान खातामा आम्दानी बाधी लगत अद्यावधिक गर्नुपर्ने व्यबस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामग्रीहरुलाई एक महिनाभित्र लिलाम प्रकृया सुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने सामाग्रीलाई समिति बनाइ मिनाहा दिनुपर्ने व्यबस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका सामाग्रीहरु जस्तै मोबाईल ल्यापटप लगायतका समान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । उल्लेखित समानहरुलाई नियमावलीमा भएको व्यबस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयले जिन्सि अद्यावधिक गर्नुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन ।

२५ **खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा निर्माण कार्यको लागत अनुमान बनाउदा खरिद सम्बन्धि सम्पूर्ण काम एउटै खरिद सम्झौतावाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने विषय एकिन गरेर मात्र लागत अनुमान बनाउनुपर्ने उल्लेख छ । त्यस्तै नियम ८५ मा खरिद प्रतिष्पर्धालाइ सिमित पार्ने गरी टुक्रे खरिद गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले वार्षिक बजेटमा विनियोजन भएको तथा एउटै प्रकृतिको देहाएको कामको एउटै लागत अनुमान बनाएर प्रतिष्पर्धाको माध्यमवाट खरिद गर्नुपर्नेमा पटक पटक गरी देहायको व्यवसायीवाट निर्माणको कार्य सोझै विधिवाट खरिद गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना भएको नदेखिएको रु.

भौ.नं मिति	काम	व्यवसायीको नाम	भुक्तानी रकम
२७-०८२।३।६	वडा नं. ५ स्थित खोलामा पहिरो नियन्त्रण	डि सी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स	९७९८३७
१३-०८१।१०।६	चुच्चे ढुङ्गमाडे सडम स्तरोन्नती	दिपक निर्माण सेवा	६५८३१२
१५-०८१।१०।१०	टाट्का देखि तिलुसुडेली सम्म सडक मर्मत	सफल निर्माण सेवा	९५४९१७
१६-०८१।१०।१०	बाष्ठाना देखि रिस्कोट सम्म सडक स्तरोन्नति	एम के कन्स्ट्रक्सन	५७९६५०
जम्मा			३१७२७१६

अनियमित भएको	३१,७२,७१६

२६ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष उपभोक्ता समिति मार्फत काम गराई रु १४५६६९३० भुक्तानी भएको देखिन्छ । लेखापरीक्षणमा प्रविधिकको मूल्याङ्कनलाई आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये नमूना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका लागि गाउँपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. कार्यालयले योजना सञ्चालन एवं कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।

ख. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।

ग. योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।

घ. कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन ।

ङ. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।

च. कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।

छ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ज. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

झ. उपभोक्ता समितिमा रहेका पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।

तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२७ **खरिद आवश्यकता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिदको आवश्यकता पहिचान गर्नुपर्ने हुन्छ । आवश्यकताको पहिचान गरी उपयोग गर्न सक्ने अवस्था रहेमा मात्र खरिद प्रकृया अगाडी बढाउनुपर्ने हुन्छ । पालिकाले आ.व. २०७९।८० मा रेड इन्टरनेशनलवाट रु ९८०८४० को ४ थान भेन्डिङ मेशिन र डि बि अर्डर एण्ड सप्लायर्सवाट विद्यालयको लागी रु ७१८६४८ को ११२० थान स्मार्ट कार्ड खरिद गरेको छ । खरिद गरिएको भेन्डिङ मेशिनहरु पंचदेवल उ मा वि, जनज्योती मा वि, संकर मा वि र मष्टो सरस्वती मा वि मा एक एक थान हस्तान्ततरण गरेको छ । साथै खरिद गरिएको स्मार्ट कार्ड मध्ये उल्लेखित विद्यालयहरुलाइ प्रति विद्यालय २८० थान स्मार्ट कार्ड हस्तान्तरण गरेको छ । उल्लेखित मालसामानहरु प्रयोगमा नल्याइ राखेको देखिन्छ । सार्वजनिक खरिद कार्य गर्न अघि प्रयोग गर्न सकिने अवस्था अध्ययन गर्ने र खरिद गरे पछी उपयोग गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२८ **गुणस्तर परिक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नुपर्दछ ।

२९ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समितिवाट संचालन हुने योजनामा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नसकिने उल्लेख छ । उपभोक्ता समितिलाइ श्रममुलक तथा उपभोक्ता समितिको समेत लागत र जनसहभागिता रहने योजना मात्र दिनुपर्ने देखिन्छ । योजनामा पूर्वानुमान गर्न नसकिएको अवस्थामा हेभि मेशिन प्रयोग गर्नुपरेमा प्राविधिकको सिफारिस आवश्यक पर्ने उल्लेख छ । पालिकाले आफुले संचालन गर्ने योजनाहरु मध्ये जटिल प्राविधिक पक्ष समावेश भएको तथा उल्लेखित हेभी मेशिन प्रयोग गर्नुपर्ने योजनाहरु समेत उपभोक्ता समिति मार्फत गराएको छ । उपभोक्ता समितिहरुले उक्त योजनाहरुमा अन्य निर्माण व्यवसायीको मेशिन प्रयोग गरेको देखिन्छ । यसरी नियमावलीमा भएको व्यवस्था विपरित कार्य गरेको नियमसम्मत देखिदैन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । हेभि मेशिन प्रयोग गरेको योजनाहरु मध्ये केही उदाहरण निम्नानुसार छन्

भौ.नं मिति	योजनाको नाम	प्रयोग भएको मेशिनरी औजार	भुक्तानी रकम
१२।०८२।२।१४	श्री कालाशिल्ता आ वि को खेलमैदान	एक्साभेटर	१४९५७३७
१३७।०८२।३।२५	ठाडो ओडार देखि सिउरेभौडा सम्म सडक	एक्साभेटर	१३०००००
३८।०८१।१०।२५	वडा नं ३ स्थित लुयाटा ३ नं नया भवन देखि कालाढुङ्गा सम्म सडक	एक्साभेटर	३६००००

३० **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ ।पालिकाले २ पाँग्रे तथा चार पाँग्रे सवारी मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी रु. २३३१००० खर्च लेखेको छ । नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

३१ **शिक्षक तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट मावि शिषक ५ जना, आवि शिक्षक १४ जना, आवि -१देखि ५ का ६ जना समेत जम्मा २५ जनाको रु.३७३५००० तलब भत्ता भुक्तानी गरेको छ ।शिक्षक दरबन्दी मिलान गरी शसर्त अनुदानवाट मात्र खर्च लेख्ने गरी शिक्षक व्यवस्थापन हुनुपर्दछ ।

३२ **शिक्षक दरबन्दी तथा पदपूर्ति**

गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ।

सि.नं	विद्यालय संख्या	शिक्षक दरवन्दी जम्मा	पदपूर्ति जम्मा	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या जम्मा
१	३० वटा	११०	११०	५१	५५९६(ECD देखी १२ सम्मका)

स्थानीय सरकार संचालन ऐनको दफा ११ मा पालिका भित्रको विद्यालय शिक्षा व्यवस्थापनको कार्य पालिकाको अधिकारक्षेत्र भित्र रहेको देखिन्छ । विद्यालय शिक्षालाइ गुणस्तरीय बनाउन विद्यार्थी तथा शिक्षक अनुपात समेत विश्लेषण गरी आवश्यक दरबन्दी मिलान गर्नुपर्दछ । उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ती एवं विद्यार्थी संख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ५० जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी कुनैमा बढी भएको तथा कुनैमा कम देखिएकोले गाउँपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

३३ **विद्यालय अनुगमन**

पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्नेमा सो गरेको छैन । अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वियन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

३४ **सवारी कर, मनोरञ्जन कर,व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा स्थानीय तहले सवारी कर तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर पालिकाले आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ । यस वर्ष पालिकाले सवारी कर मनोरञ्जन कर व्यवसाय कर संकलन गरेको छैन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनुपर्ने तथा पालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ ।

३५ **अनुदानको अनुगमन**

संघीय सरकारवाट हस्तान्तरित शसर्त कार्यक्रमवाट कृषि लगायत विषयगत क्षेत्रको लागी विभिन्न लक्षित वर्ग तथा समुदायलाई अनुदानको रुपमा रकम भुक्तानी भएको छ । उक्त अनुदान रकम सम्बन्धित समुह तथा लाभग्राहीले उद्देश्य अनुरुप खर्च गरे/ नगरेको एकिन गर्न अनुगमन मुल्याङ्कन गर्नुपर्ने देखिन्छ । तर गाउँपालिकाले कालिका महिला समूहमा आवद्ध २५ जनालाइ वाख्रा पकेट कार्यक्रममा प्रति जना रु.२५ हजारका दरले रु.६ लाख २५ हजार लाभग्राहीहरुलाई अनुदान रकम भुक्तानी गरे तापनी अनुगमन गर्न नसकेको हुंदा अनुदानको उद्वेश्य अनुरुप खर्च भए/नभएको, एकिन हुन सकिएन । अनुगमन कार्यलाइ प्रभावकारी वनाउनु पर्दछ ।

३६ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम तोकिएका खर्च शीर्षकहरुमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी राख्नु पर्ने व्यवस्था छ । उक्त खर्च पालिकाको आन्तरिक श्रोतबाट व्यहोरिने भए आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकीको विवरण तयार गरी गाउसभाबाट बजेट स्वीकृत गराई खर्च लेख्नु पर्दछ । यो वर्ष पालिकाले, विभिन्न व्यक्ति तथा फर्मको भुक्तानी हुन बाँकी चालू प्रकृतिको दायित्वहरु रु.१०७५३६७७ भुक्तानी गरेको छ । प्रशासनिक तथा चालु प्रकृतीका खर्चहरु आर्थिक वर्षको बजेटको सिमाभित्र रही खर्च नगर्ने परिपाटीले आगामी सालको बजेटमा चाप पर्ने र दिर्घकालीन लाभ दिने एवं प्रतिफल दिने पूंजी निर्माण हुने दिगो प्रकृतिका विकासका कार्य सञ्चालनमा स्रोत कम हुन गई अपेक्षित लाभ समुदायले प्राप्त गर्ने स्थिति नरहने हुँदा गाउँपालिकाले यसमा विशेष ध्यान दिनु पर्दछ ।

सि.नं	विवरण	भुक्तानी रकम
१	गत आ.व. मेडिकल अधिकृतको छुट तलव	४६८०००
२	आयुर्वेद शाखामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक तथा औषधी खरिद	१७२२५९
३	गत आ.व. मा गाउँपालिका करार कर्मचारीहरुको छुट तलव भत्ता	१४०००००
४	गतवर्ष स्वास्थ्य शाखामा कार्यरत करार कर्मचारीहरुको छुट तलव भत्ता	८१८०००
५	पदाधिकारीहरुको सेवा सुविधा	१२०००००
६	इन्धान कार्यालय प्रयोजन	१७७९३८
७	सवारी साधन मर्मत खर्च	२०४३००
८	कार्यालय सन्चालन तथा मसलन्द	६२३२६१
९	गतवर्ष वडा नं.८ को कार्यालय सञ्चालनको रकम भुक्तानी	९५३६०
१०	गतवर्ष वडा नं.७ को कार्यालय सञ्चालनको रकम भुक्तानी	५३०००
११	गतवर्ष वडा नं.३ को कार्यालय सञ्चालनको रकम भुक्तानी	४७९२०
१२	गतवर्षको पत्र पत्रिका छपाइ तथा सूचना प्रकाशन	१२००००
१३	सेवा तथा परामर्श गतवर्षको बांकी	५००००
१४	गतवर्षको मू.अ.कर दाखिला गर्न बांकी	३८१३९५
१५	गतवर्षको विभिन्न चेक साट्न बांकी	३३१००
१६	गतवर्षको पोशिलो पिठो ढुवानी भुक्तानी	१५००००
१७	विविध खर्च गतवर्षको भुक्तानी	९७२७८९
१८	गतवर्षको घर भाडा भुक्तानी	१०००००
१९	गतवर्षको सवारी साधन मर्मत तथा मेशिनरी औजार वापतको भुक्तानी	२०९०००
२०	गतवर्षको सवारी साधन मर्मत तथा मेशिनरी औजार वापतको भुक्तानी	१५६५००
२१	गतवर्षको अग्रिम सामाजिक सुरक्षा र वहाल कर दाखिला गर्न बांकी	१८१४५३
२२	गतवर्षको सामूदायिक स्वास्थ्य इकाइ तिरुवा २५ प्रतिशत अनुदान रकम भुक्तानी बांकी	१०००००
२४	गतवर्षको स्वास्थ्य चौकी रकुको २५ प्रतिशत अनुदान रकम भुक्तानी बांकी	२७५००
२५	श्री शंकर मा.वि. तिनतारे विद्यालयको गतवर्षको २५ प्रतिशत अनुदान	१२३२४४
२६	मेहलमुढी स्वास्थ्य संस्था तथा प्रसुती गृह मर्मत गत वर्षको भुक्तानी	२९९०००
२७	सवारी साधन खरिद गत वर्षको	४०००००
२८	लयाटा ३ नं नया भवन देखि कालाढुंगासम्म सडक निर्माण योजना	३६००००
२९.	शान्तिघाट वजार देखि राकु ओडरसम्म पहिरो सफा र शान्तिघाट नटी कटानको कार्य	३०००००
३०	सुगरखाल बलेमाटेखर्क खानेपानी तथा सरसफाइ २५प्रतिशत अनुदान भुक्तानी	६३५२५०
३१	गंगेखोला खानेपानी तथा सरसफाइ २५प्रतिशत अनुदान भुक्तानी	२५६८००

३२	जडायापानी खानेपानी तथा सरसफाइ २५प्रतिशत अनुदान भुक्तानी	१९९११३
३३	सान्नीघाट देखि गाउँपालिकासम्मको सडकस्तरोन्नती योजनाको गतवर्षको धरौटी जम्मा गर्न बांकी	१८३५२३
३४	पर्यटन विविध कार्यक्रम गतवर्षको भुक्तानी	१४४९७२
३५	सिमकोट वाल विकास केन्द्र शौचालय निर्माण २०७९।८० को भुक्तानी	७००००
३६	वाल विवाहमुक्त वडा घोषणा कार्यक्रम वडा नं. ७	४००००
	जम्माः	१०७५३६७७

३७ कर दाखिला

आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निमित्त प्रमुख प्रशासकिय अधिकृत श्री नेत्रराज शाहीलाइ मासिक तलब भत्ता उपलब्ध गराउदा वार्षिक आय अनुसार दाखिला गर्नुपर्ने रकम भन्दा रु १८७२६ कम दाखिला गरेकोले न्युन दाखिला भएको पारिश्रमिक कर रकम सम्बन्धितवाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१८,७२६

३८ राजस्व सुधार कार्ययोजना

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिदको आवश्यकता पहिचान गर्नुपर्ने हुन्छ । आवश्यकताको पहिचान गरी उपयोग गर्न सक्ने अवस्था रहेमा मात्र खरिद प्रकृया अगाडी बढाउनुपर्ने हुन्छ । पालिकाले आ.व. २०८०।८१ मा मान्नमी संचार तथा प्रकाशन प्रा लि वाट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गर्न परामर्श सेवा खरिद रु ४४८००० भुक्तानी गरेको देखिन्छ ।तर उक्त कार्ययोजना हालसम्म पनि कार्यान्वयन गरेको देखिएन । खरिद आवश्यकताको पहिचान नै नगरी परामर्श सेवा खरिद गरेको हुदा आगामी दिनमा परामर्श सेवा खरिद गर्नुपूर्व खरिद आवश्यकताको पहिचान गर्नुपर्दछ ।

३९ लागत सहभागिता

स्थानीय सरकार संचालन ऐन, २०७४ मा गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको गैर सरकारी संस्था संग साझेदारीमा कार्यक्रम गर्न सक्ने उल्लेख गरेको छ । सोही अनुसार पालिकाले देहायको संघ संस्था संग साझेदारीमा देहायको काम सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । सम्झौता अनुसार निर्माण कार्यको कुल लागतमा गाउँपालिका, उपभोक्ता समिति तथा गैर सरकारी संस्थाले व्यहोर्ने लागत सहभागिता उल्लेख भए पनि उक्त कार्य पुरा सम्पन्न नभएको तथा कुल लागत नै घटेको अवस्थामा पालिकाको लागत सहभागिता भने घटेको देखिदैन । गैर सरकारी संस्था तथा उपभोक्ता समितिको लागत र पालिकाको लागत समेत प्रतिशतमा नगरी बढी व्ययभार पारेको देखिएको रु

भौ.नं मिति	योजनाको नाम	लागत अनुमान	लागेको लागत वा कार्य सम्मपन्न	पालिकाले व्योहोर्नुपर्ने	पालिकाले व्यहोरेको	वढी रकम
२६-०८१।१०।११	स्वास्थ्य चौकी मेहलमुडी मर्मत	१३२२१११	९३२८९०	२११६८१ -२२%_	३०००००	८८३१९
२७-०८१।१०।१४	सुगरखाल बलै माटेखर्क खानेपानी	११३८४४५१	१०३०१८८९४	२३४९३३६ -२२%_	२५४१०००	१९१६६४
२८-०८१।१०।१४	जडापानी काभा खानेपानी	३५७९४९१	३०६०८३३	६७३३८३ -२२%_	७९६४५३	१२३०७०
जम्मा						४०९०५३

अनियमित भएको	४,०९,०५३

४० आयोजना बैंक

राष्ट्रिय योजना आयोगद्धारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र तत्सम्बन्धी नियमावली २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपम सँभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वियनको लागी आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवँ सँभाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वियन गरिनुपर्दछ ।

४१ निर्माण कार्यको अवधि थप

सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० अनुसार तथा नियम र सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र कावु वाहिरको परिस्थिति उत्पन्न भई ठेक्काको काममा ढिलाई भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ ।पालिकाले ठेक्का विवरण तयार नगरेको कारण म्याद गुज्रेको ठेक्काको विवरण विश्लेषण गर्न सकिएन । निर्माण कार्यको अवधि एकिन खुल्ने गरी तोकिएको ढाँचामा विवरण अद्यावधिक गर्नुपर्दछ ।

४२ कार्यसम्पादन अद्यावधिक

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर पालिकाले कार्यसम्पादन जमानतको अवधि खुल्ने गरी समयमा कार्य सम्पन्न हुन नसकेका विगत तथा यस बर्षको ठेक्काको विवरण अद्यावधिक गरेको देखिएन। सबै ठेक्का विवरण अद्यावधिक गरी कार्यसम्पादन जमानत मान्य अवधि थप गरिनु पर्दछ ।

४३ सामाजिक सुरक्षा

यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न सानिमा वैंक मार्फत लाभग्राहीलाई रु.७२५९६३८४ निकाशा दिएकोमा उक्त भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसारछन् ।

४३.१ **लाभग्राहीको संख्याः** गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वापत वडा नं.१ देखि ९ सम्मका लागी निम्नानुसारको संख्यामा लाभग्राहीको खातामा EFT निकासा गरेको कार्यालयवाट प्राप्त विवरणवाट देखिन्छ । गाउँपालिकाले यो वर्ष ९ वटै वडामा भत्ता वितरण गर्न सानिमा वैंक मार्फत रु.७२५९६३८४ निकासा गरेको छ । गत वर्ष देखि EFT मार्फत सिधै लाभग्राहीको खातामा रकम जम्मा हुने गरेकोले अन्तीम त्रैमासिकमा निकासा सम्बन्धमा कार्यालयले वैंकसंग समन्वय गरी तथ्याङ्क यकिन गरी बांकी रकम फिर्ता गर्नुपर्दछ । यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेख देहाय अनुसार छ ।

वडा नं.	त्रैमासिक	अन्य जेष्ठ नागरिक भत्ता	जेष्ठ नागरिक भत्ता (दलित)	जेष्ठ नागरिक एकल महिला	जेष्ठ नागरिक क्षेत्र तोकिएका	विधवा (आर्थिक सहायता)	क बर्ग (अपाङ्गता भत्ता)	ख बर्ग (अपाङ्गता भत्ता)	क्षेत्र तोकिएका वालवालिका	दलित वालवालिका
१	प्रथम	९९	०	३	७३	३०	२	१२	१८६	०
	दोस्रो	१०१	०	३	७१	३०	२	१२	१८७	०
	तेस्रो	१०२	०	३	७१	३०	२	१२	१८२	०
	चौथो	१०६	०	३	६८	३०	२	१२	१७६	०
२	प्रथम	८७	१	३	५४	१५	१	३	२११	०
	दोस्रो	८६	१	३	५३	१५	१	३	२१२	०
	तेस्रो	८७	१	२	५१	१६	१	३	२१०	६
	चौथो	८७	१	२	५०	१६	१	३	२०४	११
३	प्रथम	८३	०	३	१००	१२	४	१०	२०६	०
	दोस्रो	८२	०	३	१०२	१४	४	१०	२१०	०
	तेस्रो	८२	०	३	९९	१४	४	१०	२०९	०
	चौथो	८२	०	३	९९	१४	४	१०	२१२	०
४	प्रथम	१००	०	५	६३	२७	७	३	२१०	०
	दोस्रो	९९	०	५	६३	२७	७	३	२०७	०
	तेस्रो	९८	०	५	६३	२७	७	३	२०७	०
	चौथो	१०३	०	५	६०	३०	७	३	१९९	०
५	प्रथम	६२	०	५	५३	२०	४	५	१६९	०
	दोस्रो	६१	०	५	५५	२१	४	५	१७१	०
	तेस्रो	६०	०	५	५५	२१	४	५	१६८	०
	चौथो	५८	०	५	५६	२२	४	५	१७४	०
६	प्रथम	१०८	०	७	१०६	३४	२	९	२९८	१
	दोस्रो	१०८	०	७	१०५	३४	२	९	२९८	१
	तेस्रो	१०८	०	७	१०७	३४	२	९	२९४	१
	चौथो	११०	०	७	१०३	३४	२	९	२८५	१
७	प्रथम	३९	०	०	३५	१३	५	२	७६	०
	दोस्रो	३९	०	०	३५	१३	५	२	७५	०
	तेस्रो	३९	०	०	३७	१३	५	२	७५	०
	चौथो	३९	०	०	३७	१३	५	२	७४	०
८	प्रथम	७०	०	५	६४	२१	५	६	१७१	१

	दोस्रो	७१	०	५	६३	२३	५	६	१७१	१
	तेस्रो	७२	०	५	६४	२५	५	६	१६२	१
	चौथो	७३	०	५	६४	२५	५	६	१६६	३
९	प्रथम	६५	०	७	५८	१८	४	४	१९७	०
	दोस्रो	६६	०	७	५८	१८	४	४	१८९	०
	तेस्रो	६६	०	७	६०	१८	४	४	१९१	०
	चौथो	६६	१	७	५९	१९	४	४	१८९	०
कूल जम्माः		२८६४	५	१५०	२४१४	७८६	१३६	२१६	६८२१	२७

४३.२ **लगतकट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केही वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण नमूना छनौट गरी हेर्दा मृत्यु भै सकेका केही व्यक्तिहरुको खातामा समेत निकासा भएको देखिएको छ । यस सम्बन्धमा कार्यालयले थप छानविन गरी वढी निकाशा भएको रकम फिर्ता लिनु पर्दछ । देहायका व्यक्तिहरुको मृत्यु पश्चात समेत निजहरुको खातामा रकम निकाशा भएको देखिन्छ । कार्यालयको अभिलेख अनुसार मृत्यु भएका लाभग्राहीको लगत अद्यावधिक नगरी निजहरुको खातामा रकम निकाशा गर्न नमिल्ने हुंदा मृत्यु पश्चात निकाशा भएको देहाय अनुसारको रकम फिर्ता लिइ संघिय संचितकोष दाखिला हुनुपर्ने रु.

वडा	नाम	कार्यालयको अभिलेख अनुसार मृत्यु भएको मिति	नागरिकता नं.	रकम निकासा अवधी	दर (प्रति महिना)	वढी निकासा रकम
५	विष्णु वहादुर शाही	२०८१।७।१६	-	श्रा-पौष	४०००.००	९८६६
	मने सुनार	२०८२।३।१०	-	श्रा-आषाढ	४०००.००	२६६६
जम्माः						१२५३२

असुल गर्नुपर्ने	१२,५३२

४३.३ **वैंकमा रकम बाँकी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **६२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४३.४ **अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ वमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो वमोजिम गाउँपालिकाले कसैले दोहोरो हुने गरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए/नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गरेको देखिएन । कार्यविधिले तोके वमोजिम अनुगमन हुनुपर्दछ ।

४३.५ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ वमोजिम स्थानीयतहले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने वैंङ्क, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया सम्बन्धी स्थानीय सामाजिक संघ/संस्था तथा गैह सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानिय एफ.एम लगायत सञ्चार माध्यमहरुवाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम स्थानीय तहले आफ्नो वेभसाइटमा राख्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले सो वमोजिमको कार्य गरेको देखिएन ।

४४ **केवाइसी अपडेटः**

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

४५ **रसिद नियन्त्रण खाताः**

पालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता (म.ले.प.फा.न.९०४) तयार गरी राख्नुपर्नेमा सो वमोजिम रसिद नियन्त्रण खाता राखेको छैन । जसवाट पालिकासँग रहेको विगतको बाँकी नगदी रसिद, यसवर्ष छपाइ भएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा पालिकाको राजस्व शाखालाई उपलब्ध गराएको रसिद के कति सङ्ख्यामा रहेका थिए यकिन गर्न सकिएन ।

४६ **राजश्व दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा यसको व्यबस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरि नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानून वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ११ वटा वडा र पालिकाले प्राप्त गरेको राजस्व रयकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजस्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरि जरिवाना रकम असुल गर्नु पर्ने देखिन्छ । कार्यालयले सम्पूण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजस्व रकम नियमावलीको व्यवस्था अनुसार समयमै बैकमा दाखिला गर्ने तर्फ विशेष ध्यान दिनु पर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सान्नी त्रीवेणी गाउँपालिका, कालिकोट , सान्नी त्रिवेणी गाउँपालिका , कालिकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नेत्र राज शाही	२०७७-४-१	२०८१-०६-०६
कार्यालय प्रमुख	प्रेम बहादुर बडुवाल	२०८१-०६-०६	हाल सम्म कार्यरत
लेखा प्रमुख	धिरेन्द्र जैसी	२०८०-६-१६	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३१,२५८	५,२५४,९६९	६२,०००	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५,३४८,२२७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	६२,०००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५,२८६,२२७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९६१७७२०.०	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२४२२५१३६०	चालु खर्च	२५४५९८४०४
प्रदेश सरकारबाट अनुदान	४२०६५८९०	पूँजीगत खर्च	७७९८७४४६
राजश्व बाँडफाँट	६९६६४६२९	वित्तीय/अन्य व्यवस्था	१२१३२६५७८
आन्तरिक आय	१८०१४३१.०		
अन्य आय	१०९०६८८९८		
कुल आय	४६४८५२२०८.०	कुल खर्च	४५३९१२४२८
बाँकी मौज्दात		२०५५७५००	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका ‌िवषय
1	आन्तरिक आय	राजस्व तथा आन्तरिक आय
2	पालिका चालुखर्च	सेवा र परामर्श खर्च तथा अन्य करार सेवा शुल्क,चालु खर्च (ईन्धन, मर्मत र घरभाडा),विविध खर्च (अतिथि सत्कार लगायत),तलब भत्ता खर्च र पदाधिकारीको सुविधा,तालिम र कार्यक्रम खर्च ,अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च
3	पालिका पुँजिगत खर्च	सोझै खरिद तथा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद,अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य ,परामर्श सेवा,कन्टिन्जेन्सी खर्च ,खरिद सम्झौता तथा ठेक्का व्यवस्थापन र भुक्तानी
4	सामाजिक सुरक्षा भत्ता	सामाजिक सुरक्षा भत्ता वितरण
5	प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार	रोजगार कार्यक्रम
6	विविध	विविध
7	संघीय र प्रदेशतर्फको चालु खर्च	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम,स्वास्थ्यतर्फ,शिक्षा तर्फ,तालिम र कार्यक्रम खर्च

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।